मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १२५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ जेठ ७ गते बिहीबार ❑ 21 May 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## गण्डकी प्रदेशले भौतिक पूर्वधारमा फड्को मारेको छ : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
बागलुङ, ६ जेठ

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेश सरकारले भौतिक पूर्वधारमा ठूलो फड्को मारेको बताउनुभएको छ।

बुधबार बागलुङ नगरपालिकामा निर्वाचित जनप्रतिनिधिले चारवर्षे कार्यकाल पूरा गरेको अवसरमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै प्रदेशभर ९० प्रतिशत भौतिक पूर्वाधार विकास प्रदेश सरकारमार्फत भएको उहाँले दाबी गर्नुभयो ।



प्रदेश सरकारमार्फत थुप्रै महत्त्वपूर्ण काम भए पनि जनतालाई बुझाउन नसकेको मुख्यमन्त्री पाण्डेको भनाइ छ। जनतामा केही भएन भन्ने भाष्य निर्माण भएको भन्दै अब हरेक जनप्रतिनिधिले गरेको काम जनतालाई बुझाउनुपर्ने उहाँले बताउनुभयो । हरेक जनप्रतिनिधिले नागरिकमा भएको निराशालाई आशामा बदल्ने काम गर्नुपर्नेमा मुख्यमन्त्री पाण्डेले जोड दिनुभयो ।

उहाँले भन्नुभयो, "सङ्घीयता आएपछि प्रदेश सरकारले धेरै विकास निर्माणका काम गरेको छ, तर हामीले गरेको विकासका बारेमा जनतालाई भन्न सकेनौँ, त्यसले गर्दा जनतामा केही भएन भन्ने भाष्य निर्माण भयो, केही भएन भन्ने भाष्य निर्माणले निराशा छ, त्यो निराशालाई चिर्नतर्फ लाग्नुपर्छ ।" प्रदेश सरकारले सीमित स्रोत र साधनका बीच जनताको चाहना पूरा गर्न लागेको उहाँले बताउनुभयो । जनतालाई स्वास्थ्य, शिक्षा, विद्युत्बाट वञ्चित हुन नदिन जनस्तरबाटै योजना बनाएर काम गर्दै आएको मुख्यमन्त्री पाण्डेले बताउनुभयो । यातायात, खानेपानी र उज्यालो गण्डकी कार्यक्रममार्फत जनता प्रत्यक्ष लाभान्वित हुने गरी काम भइरहेको उहाँको भनाइ छ ।

## कक्षा ११ को पठनपाठन आगामी असार १ देखि

**रासस**
काठमाडौं, ६ जेठ

शिक्षा तथा खेलकुद मन्त्रालयले कक्षा ११ को पठनपाठन आगामी असार १ गतेबाट गर्न/गराउन निर्देशन दिएको छ।

मन्त्रालयले शैक्षिकसत्र २०८२ को माध्यमिक शिक्षा परीक्षा (एसइई) को नतिजा प्रकाशन भइसकेको सन्दर्भमा कक्षा ११ को पठनपाठन सञ्चालनका लागि समय निर्धारण गरेको हो । मन्त्रालयको सो निर्णयबारे शिक्षा, तथा मानवस्रोत विकास केन्द्रले शिक्षा विकास तथा समन्वय एकाइहरूलाई पत्राचार गरी बुधबार जानकारी गराएको छ।

DISTRICT CRICKET ASSOCIATION KASKI
कास्की जिल्ला क्रिकेट संघको
छैटौं साधारण सभा एवं चौथो अधिवेशन
सम्बन्धी सूचना
कास्की जिल्ला क्रिकेट संघको तपसिल बमोजिमको मिति, समय र स्थानमा "छैटौं साधारण सभा एवं चौथो अधिवेशन" कार्यक्रम आयोजना हुने भएकाले सम्पूर्ण कार्यसमिति सदस्य, साधारण सदस्य एवं शुभेच्छुकहरुलाई उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ ।
तपसिल
मिति : २०८३/०२/३० गते, शनिबार
समय : बिहान ८:00 बजे
स्थान : S R K C Catering, माटेपानी, पोखरा–१२
नोट :
संघको सदस्यता लिन इच्छुक योग्यता पुगेका क्लब वा व्यक्तिलाई संघले तोकेको समयभित्र प्रक्रिया अनुसार सदस्यता लिनु हुन अनुरोध गरिन्छ ।
सदस्यता सम्बन्धी सूचना तथा योग्यताको विवरण संघको आधिकारिक फेसबुक पेजमा उपलब्ध छ : https://www.facebook.com/kaski.cricket/
सदस्यता प्राप्तिको अन्तिम मिति : २०८३ साल जेठ ८ गते, शुक्रबार (दिउँसो ४ बजेसम्म)
अन्य जानकारीका लागि : संघको कार्यालय, पोखरा क्रिकेट रंगशाला
अध्यक्ष : संजय कान्त सिग्देल मोबाइल : 9856057474
★ कास्की जिल्ला क्रिकेट संघ ★
पोखरा–१०, रंगशाला, कास्की

## सुकुमवासीसँग पोखरा महानगरले माग्यो विवरण

**पोखरापत्र संवाददाता**
पोखरा, ६ जेठ

पोखरा महानगरपालिकाले पृथ्वीचोकस्थित प्रस्तावित बसपार्कको जग्गामा बनेका संरचना खाली गर्ने तयारी गरेको छ।

यसअघि गत वैशाख ३ गते अतिक्रमण गरी बनाइएका संरचना हटाउनका लागि ३५ दिनको सूचना जारी गरेको महानगरले आज पुनः बसपार्कमा बसोबास गरिरहेका सुकुमवासीलाई आफ्नो विवरण तीन दिनभित्र महानगरमा दर्ता गर्न भनेको छ । महानगरले संरचना हटाउन दिएको ३५ दिनको समयसीमा यही जेठ ८ गते सकिँदैछ।

महानगरले सोही समयभित्र बसपार्कस्थित जग्गामा बसोबास गरिरहेका सबै भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीलाई विवरण पेस गर्न सूचना सार्वजनिक गरेको हो । महानगर प्रमुख धनराज आचार्यले वास्तविक सुकुमवासी पहिचानका लागि महानगरपालिकाबाट वितरण गरिएको निस्साको प्रतिलिपि, घरमूली र परिवारका सदस्यसहितको विवरण माग गरिएको बताउनुभयो । महानगरले सुकुमवासीसँग माग गरेको विवरणमा घरमूलीसहित परिवारका सदस्यहरूको नामथर, पेसा, शैक्षिक योग्यता र दक्षता, अशक्त, असहाय, वृद्ध वा सुत्केरी र सम्पर्क नम्बर रहेको छ।

"वास्तविक सुकुमवासीको पहिचानको काम भइरहेको छ । बसपार्क निर्माणका लागि सर्वदलिय, सर्वपक्षीय र सरोकारवाला सबैबाट सहयोगको प्रतिबद्धता आएको छ । स्वयं सुकुमवासीहरूले समेत बसपार्क बनाउनका लागि सहयोग गर्छौं भन्नुभएको छ । वास्तविक सुकुमवासीको व्यवस्थापनका लागि अहिले विवरण सङ्कलनको काम सुरु भएको हो", प्रमुख आचार्यले भन्नुभयो ।


पोखरामा सुविधासम्पन्न बसपार्क निर्माणका लागि पाँच दशकअघि जमिन छुट्टाइएको थियो । विसं २०३२ मा पृथ्वीचोकमा २०५ रोपनी जग्गामा बसपार्क बनाउने योजना अघि सारिएको थियो । बसपार्कका लागि जमिन छुट्टाएको ५० वर्षसम्म काम नहुँदा २०५ रोपनी जमिन अहिले आएर २६ रोपनीमा खुम्चिएको छ । बसपार्कको जग्गामा ठूलो सङ्ख्यामा सुकुमवासी छन् । पोखरा महानगरपालिकाले गरेको अध्ययनअनुसार बसपार्कको जमिनमा ४०० बढी सुकुमवासी परिवार बस्दै आएका छन् ।

भूमिहीन तथा अव्यवस्थित बसोबासी सरोकार सङ्घर्ष समिति कास्कीका संयोजक प्रेमबहादुर गुरुङ महानगरले छानबिन गरेर वास्तविक सुकुम्वासीलाई उचित व्यवस्थापन गर्नुपर्ने बताउनुहुन्छ । "हामीलाई उपयुक्त वैकल्पिक अवस्था पहिला महानगरले गरोस् र अनि बल्ल बसपार्कका लागि छुट्टाइएको सम्पूर्ण जग्गामा बसपार्क बन्नुपर्दछ । त्यसका लागि सुकुमवासी बाधक बन्दैनौँ", उहाँले भन्नुभयो ।

पोखरामा सबैभन्दा धेरै र सर्वोत्कृष्ट विद्यार्थीहरुको रोजाइ
पोखराको शैक्षिक सानः प्रतिभा मा.वि.
कक्षा ११ मा
भर्ना खुल्यो !
+2
- SCIENCE
- MANAGEMENT
- HOTEL MANAGEMENT
आवश्यक कागजातहरूः
- एस.ई.ई. प्रवेश पत्रको प्रतिलिपि
- इन्टरनेट डाउनलोडेड ग्रेडसिट
- २ प्रति पासपोर्ट साइजको फोटो
आवेदन फाराम वितरणः शनिबार, आइतबार र अन्य बिदाका दिनमा समेत बिहान ६ बजेदेखि बेलुका ५ बजेसम्म
भर्ना प्रक्रियाः एस.ई.ई. जि.पि.ए. र अन्तर्वार्तामार्फत


AAYUSHA DHAKAL
Rank: 1 (Nepal Topper)
MECEE-BL B.Sc. Nursing 2081
Full Scholarship, MBBS 2081

AVISHEK NEUPANE
Rank: 3 (Nepal 3rd)
Full Scholarship
IOE Entrance Exam 2081
प्रतिभामा शैक्षिक सर्वोत्कृष्टताको निरन्तरता !
10 BOARD TOPPERS WITH GPA 3.96 (NEB 2082)

Bijaya Sharma GPA: 3.96
Bhisma Regmi GPA: 3.96
Diksha Sunar GPA: 3.96
Pranisha Tulachan GPA: 3.96
Samir Subedi GPA: 3.96
Sima Bhattachan GPA: 3.96
Subrata Bhandari GPA: 3.96
Sudip Subedi GPA: 3.96
Unik Paudel GPA: 3.96
Utsab P. Khatri GPA: 3.96
5 PRATIVIANS IN THE TOP 100 (MBBS 2082)

UNIK POUDEL Full Scholarship, Rank 35
BHISMA REGMI Full Scholarship, Rank 38
SAMIR SUBEDI Full Scholarship, Rank 64
DIKSHYA SUNAR Full Scholarship, Rank 88
BINESH TIMSINA Full Scholarship, Rank 94
SAFAL GURUNG Full Scholarship, Rank 385
LAXMI SHARMA Full Scholarship
SANDIP RIJAL Full Scholarship
उत्कृष्टताको परिचायक
PRATIVA SECONDARY SCHOOL
+2
- SCIENCE
- MANAGEMENT
- HOTEL MANAGEMENT
qualityaustria SYSTEM CERTIFIED ISO 9001:2015
Palikhechowk, Pokhara
061-584875, 585371
prativahss@gmail.com
www.prativahss.edu.np
9856022205, 9856028477
9856034032, 9856033830
9846051185, 9856024772
9841153929, 9846027107

# प्राकृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गरिन्छ–मन्त्री रिमाल

**पोखरापत्र संवाददाता**
पोखरा, ६ जेठ

गण्डकी प्रदेश सरकारका उद्योग तथा पर्यटन मन्त्री यशोदा रिमालले प्राकृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनमा प्रदेश सरकार प्रतिवद्ध रहेको बताउनुभएको छ।

पोखरा महानगरपालिका वडा नं. १७ महतगौडा र १५ को टुटुङ्गालाई जोड्ने सेतीनदी माथिको प्राकृतिक पुलको स्थलगत अवलोक गर्दै उहाँले प्रकृतिको अनुपम उपाहारका रुपमा अवस्थित उक्त पुलको गुरुयोजना तयार गरि पर्यटकीय स्थलकोरुपमा विकास गरिने बताउनुभयो।

"यति ठूलो नदीमाथि ढुङ्गा र माटोबाट प्रकृति निर्मित हजारौं बर्ष पुरानो इतिहास बोकेको पुपल आफैंमा अद्भुत सम्पदा हो" मन्त्री रिमालले भन्नुभयो,"यसको संरक्षण गर्दै व्यवस्थित प्रचार प्रसार र पूर्वाधार विकास गर्न सके महत्वपूर्ण पर्यटकीय स्थल बन्न सक्छ।" उहाँले प्राकृतिक,



धार्मिक तथा पुरातान्विक महत्व बोको उक्त क्षेत्रको दीर्घकालीन संरक्षणसंगै पर्यटन प्रवर्द्धनमा प्रदेश सरकारले आवश्यक सहयोग गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो।

मन्त्रालयका नाउमा रहेको पोखरा ६ लेकसाईडको क्याम्पिङचोक र पोखरा १५ टुटुङ्गामा रहेको जग्गाको संरक्षणसंगै उत्पादनसंग जोड्नु पर्नेमा उहाँको जोड थियो।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश प्रमुख मणिराज लामिछानेले प्राकृतिक सम्पदाको संरक्षण गर्दै उजागर गर्न सवै पक्षको साथ र सहयोग अपरिहार्य रहेको वताउनुभयो। उहाँले ऐतिहासिक, धार्मिक तथा पुरातात्विक महत्व बोकेको उक्त प्राकृतिक पुलको प्रभावकारी प्रचारप्रसार खाँचो औल्याउँदै पर्यटक आकर्षणका लागि आवश्यक भौतिक विकास गर्नुपर्नेमा जोडदिनुभयो। पुलको संरक्षण र आसपासको क्षेत्रको सौन्दर्यकरण गर्दै पुलको तल्लो भागको दृश्यावलोकनका लागि सिसाको पुल निर्माण गर्नु पर्नेमा जोड दिर्दै प्रमुख लामिछानेले भन्नुभयो, यसले पुरातान्तिवक, धार्मिक पर्यटन प्रवर्द्धनको प्रचुर सम्भावना बोकेको छ।

पोखरा १७ का वडाअध्यक्ष राधिका कुमारी शाहीले प्राकृतिक धरोहरलाई जोगाई राख्न तीनै तहका सरकार जिम्मेवार भएर लाग्नु पर्ने बताउँदै महानगरकोतर्फवाट निरन्तर सहयोग गर्दै आएको जानकारी दिनुभयो।

सञ्चारकर्मी हरिप्रसाद बास्तोलाले लगभग ९० मिटर गहिराई र ५६ मिटर चौढाईको सो पुलबाट जथाभावि यातायातका साधन आवतजावत गर्दा दिनप्रतिदिन कमजोर बन्दै गएको बताउँदै संरक्षणका लागि ठूलो यातायातका साधान तत्काल रोक्नु पर्ने आवश्यकता औंल्याउनुभयो। सो अवसरमा पोखरा १७ का वडासदस्य एवम् स्थानीय शिवराम भण्डारी, १५ वडा सदस्य वलराम पौडेल, जानकी माविका प्रधानाध्यापक अर्जुन कडेल, सदाशिव सिद्धेश्वर हरि हरि मन्दिर व्यवस्थापन समितिका अध्यक्ष नगेन्द्र शर्मा, सचिव हरिहर भण्डारी, स्थानीय शंकर भण्डारी लगायतले पुलको महत्व माथि प्रकाश पार्दै यसको संरक्षण र प्रवर्द्धन गर्दै विश्व सम्पदान सुचिमा सुचिकृत गर्नु पहल गर्नुपर्ने आवश्यकता औल्याउनु भएको थियो।

# गण्डकी प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड जेठ तेस्रो साता

**पोखरापत्र संवाददाता**
पोखरा, ६ जेठ

सोह्रौं गण्डकी प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता यही जेठ १५ र १६ गते बागलुङमा हुने भएको छ।

प्रतियोगिताको व्यवस्थापकीय तयारीलाई तीव्र पारिएको प्रदेश खेलकुद परिषद्ले जनाएको छ। प्रतियोगितामा गण्डकीका ११ वटै जिल्लाबाट गरी झन्डै एक हजार १०० खेलाडी सहभागी हुने परिषद्का सदस्यसचिव श्रीधर शर्माले जानकारी दिनुभयो। डेढ सयको सङ्ख्यामा अफिसियल सहभागी हुने उहाँको भनाइ छ।

"सुरक्षा प्रबन्धदेखि अन्य तयारीका काम भइरहेको छ, जिल्ला खेलकुद विकास समिति बागलुङले स्थानीय रूपमा व्यवस्थापन र समन्वयको काम गरिरहेको छ", सदस्यसचिव शर्माले भन्नुभयो। प्रतियोगितामा तेक्वान्दो, कराते, उसु, एथलेटिक्स, भलिबल र कबड्डी गरी छवटा विधामा महिला र पुरुषतर्फका खेल सञ्चालन हुनेछन्।

पालिका हुँदै जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्डबाट छनोट भएका खेलाडीले प्रदेशस्तरीय प्रतियोगितामा भाग लिने जिल्ला खेलकुद विकास समितिका सचिव किशोर थापाले बताउनुभयो। एउटा जिल्लाबाट एक सयको हाराहारीमा खेलाडी सहभागी हुने उहाँको भनाइ। स्थानीय बाङ्गेचौर खेलमैदान र काठेखोलाको बिहुँमा रहेको कभर्डहलमा प्रतियोगिता सञ्चालन हुने जनाइएको छ। प्रदेशस्तरीयप्रतियोगिताबाट छनोट भएका खेलाडी केन्द्रीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी हुनेछन्।

पछिल्लो समय प्रदेशस्तरीय प्रतियोगिता आलोपालो रूपमा जिल्लामा गर्ने गरिएको सदस्यसचिव शर्माले बताउनुभयो। प्रतियोगिता सञ्चालनदेखि खेलका बजेट तथा कार्यक्रमलाई विकेन्द्रित गर्दै लगिएको उहाँको भनाइ छ। पन्ध्रौं प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता गोरखा र १४औं प्रतियोगिता नवलपुरमा आयोजना भएको थियो। सत्रौं प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता हुने जिल्ला १६औं प्रतियोगिताको समापन समारोहमा घोषणा गरिने परिषद्ले जनाएको छ।

# बुद्धएयरको नेपालगञ्ज पोखरा उडान स्थगन

**पोखरापत्र संवाददाता**
पोखरा, ६ जेठ

करिब पाँच वर्षदेखि सञ्चालन हुँदै आएको बुद्धएयरको नेपालगञ्ज पोखरा–सिधा उडान केही समयका लागि स्थगित भएको छ।

भारतबाट आउने धार्मिक पर्यटकको सङ्ख्या न्यून भएको र इन्धन खर्च बढी भएका कारण पोखरा नेपालगञ्ज सिधा उडान एक महिनाका लागि स्थगन भएको बुद्धएयर, नेपालगञ्ज स्टेशनका प्रमुख विनितविक्रम शाहले जानकारी दिनुभयो।

एक महिना लामो मलमास परेकाले भारतबाट आउने भारतीय पर्यटक नआएका कारण र इन्धन मूल्य पनि महँगो भएका कारण नेपालगञ्ज पोखरा उडान केही महिनाका लागि स्थगित भएको उहाँको भनाइ छ। पर्यटन प्रवर्द्धन र भारतीय यात्रुलाई सहजता हुने उद्देश्यले विसं २०७८ साउन १७ गतेदेखि सातामा तीन दिन नेपालगञ्ज पोखरा उडान हुने गरेको थियो। सो उडान मङ्गलबारदेखि स्थगित भएको हो।

नेपालगञ्ज–पोखरा सिधा हवाई उडान स्थगित भएपछि पश्चिम नेपालका यात्रु, पर्यटन व्यवसायी र सर्वसाधारण निराश देखिएका छन्। उडान रोकिएपछि अब यात्रुले फेरि सडकमार्गबाट कम्तीमा १४ घण्टा लामो यात्रा गर्नुपर्ने बाध्यता देखिएको छ। एशोसिएसन अफ टुर्स एण्ड ट्राभल्स एजेन्ट्स (नाट्टा) नेपालगञ्जको पहलमा सो सेवा सञ्चालनमा आएको थियो।

नाट्टा नेपालगञ्जका संस्थापक अध्यक्ष श्रीराम सिग्देलले बुद्ध एयरले नियमित तालिका अनुसारको उडान रोकेको आधिकारिक जानकारी भएको उल्लेख गर्दै उडान अनिश्चित बनेको जिकिर गर्नुभयो। सरकारले गर्नुपर्ने काम निजी क्षेत्रको अग्रसरतामा भएको थियो तर सरकारले पहल लिन नसकेका कारण नै बन्द हुने अवस्थामा पुग्यो उहाँको भनाइ छ। पैंतिस मिनेटमै पोखरा पुग्न सकिने सिधा उडान स्थगनभएसँगै यात्रु फेरि लामो र सकसपूर्ण सडक यात्रामा निर्भर हुन बाध्य भएका छन्। बुद्ध एयरले १८ सिट क्षमताकाबीच क्राफ्ट १९०० डी सिरिज जहाजमार्फत सेवा दिँदै आएको थियो।

उडान सञ्चालनमा आउँदा पर्यटन क्षेत्रमा उल्लेखनीय उत्साह देखिएको थियो। पोखराबाट नेपालगञ्ज हुँदै बर्दिया राष्ट्रिय निकुञ्ज, कर्णाली चिसापानी र राराजस्ता पर्यटकीय गन्तव्य पुग्न सहज भएको थियो भने भारतको लखनउ, कानपुर र दिल्लीबाट आउने पर्यटकलाई पोखरा आवतजावत गर्न सहज भएको थियो। उडान सुरु हुँदा न्यूनतम भाडा रु चार हजार ९३५ देखि अधिकतम रु सात हजार ६३५ सम्म निर्धारण गरिएको थियो। यात्रुको चाप बढ्दै गए दैनिक उडानसम्म विस्तार गर्ने योजना बनाइएको थियो। इन्धनको मूल्यवृद्धिले परेको भाडादर हेरफेरपछि यात्रुको चाप घटेकाले उडान स्थगित गर्नुपरेको बुद्धएयर नेपालगञ्जले जनाएको छ।

# ४ जिपिए ल्याएका जुम्लाहा दिदीबहिनीलाई सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, ६ जेठ

पोखरा महानगरपालिका–२९, भण्डारढिकस्थित श्री जनप्रकाश माध्यमिक विद्यालयले माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८२ मा उत्कृष्ट नतिजा हासिल गर्ने जुम्लाहा दिदीबहिनीलाई सम्मान तथा नगद पुरस्कार प्रदान गरेको छ।

बुधबार विद्यालयमा आयोजित कार्यक्रममा एसईईमा उत्कृष्ट सफलता प्राप्त गर्ने विद्यार्थीहरूलाई बधाई तथा सम्मान गरिएको हो। यस क्रममा ४ जिपिए ल्याउन सफल जुम्लाहा विद्यार्थी दिया सुवेदी र दिपीका सुवेदीलाई जनही २५ हजार रुपैयाँ नगदसहित सम्मान गरिएको विद्यालयले जनाएको छ। विद्यालयले दुवै विद्यार्थीको उपलब्धिले विद्यालयसँगै पोखरा महानगर तथा लेखनाथ क्षेत्रकै शैक्षिक प्रतिष्ठा उँचो बनाएको उल्लेख गर्दै पुरस्कृत गरेको हो।

कार्यक्रममा प्रमुख अतिथिका रूपमा बोल्दै पोखरा महानगरपालिका–२९ का वडा अध्यक्ष श्रीप्रसाद गुरुङ ले विद्यार्थीहरूलाई आगामी दिनमा थप सफलता हासिल गर्न आफ्नो क्षमता विकास गर्दै जिम्मेवार र सम्मानजनक ढंगले उच्च अध्ययन अगाडि बढाउन सुझाव दिए। उनले एकै परिवारका जुम्लाहा दिदीबहिनीले हासिल गरेको सफलता वडाकै गौरवको विषय भएको बताए।




उनले अहिलेको पुस्ताले पढाइसँगै व्यवहारिक ज्ञानमा पनि ध्यान दिनुपर्ने उल्लेख गर्दै विद्यार्थीहरूलाई घरायसी सामान्य काममा समेत सहभागी गराउन अभिभावकलाई आग्रह गरे। यस वर्ष जनप्रकाश माविबाट एसईईमा सहभागी ८४ जना विद्यार्थीमध्ये ५८ जना उत्तीर्ण भएका छन्। तीमध्ये ४ जिपिए ल्याउने जुम्लाहा दिदीबहिनी सर्वोत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थी बनेका विद्यालयले जनाएको छ। कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रमोद भण्डारी ले विद्यालयको निरन्तर शैक्षिक सुधार र गुणस्तरीय शिक्षामा विशेष ध्यान दिइएको बताए। विद्यालयका प्रधानाध्यापक शेखरनाथ शर्मा ले विद्यार्थीहरूको सफलताको श्रेय मेहनती विद्यार्थी, समर्पित शिक्षक तथा निरन्तर सहयोग गर्ने अभिभावकलाई दिँदै सबैलाई बधाई तथा उज्ज्वल भविष्यको शुभकामना व्यक्त गरे।

"हाम्रो उद्देश्य केवल परीक्षा उत्तीर्ण गराउनु मात्र होइन, गुणस्तरीय शिक्षा प्रदान गर्नु पनि हो। अहिलेको एसईई नतिजा र विगतका उपलब्धिले त्यसलाई पुष्टि गरेको छ," उनले भने। उनले जीवनलाई निरन्तर परीक्षाका रूपमा बुझ्नुपर्ने उल्लेख गर्दै विद्यार्थीहरूलाई संयमित र अनुशासित भएर अघि बढ्न सुझाव दिए। "परीक्षामा मात्र होइन, जीवनका हरेक परीक्षामा सफल हुनुपर्छ," उनले बताए। कार्यक्रमको सञ्चालन शिक्षक बिमल न्यौपाने ले गरेका थिए। कार्यक्रममा शिक्षक, अभिभावक तथा विद्यार्थीहरूको उल्लेख्य उपस्थिति रहेको थियो।

वि.सं. २०१५ सालमा स्थापना भएको उक्त विद्यालयमा हाल गण्डकी प्राविधिक शिक्षातर्फ करिब ४ सय ३० जना तथा साधारण शिक्षातर्फ एक हजारभन्दा बढी विद्यार्थी अध्ययनरत छन्। विद्यालयमा व्यवस्थापन विषयसहित नेपाली तथा अंग्रेजी माध्यमबाट अध्ययन–अध्यापन हुँदै आएको छ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१–५७०६५१

गणतन्त्र दिवस मनाऔं,
लोकतन्त्र सुदृढ बनाऔं।

- जनताको बलिदानबाट प्राप्त गणतन्त्रको सम्मान गरौं,
- संविधानको पालना गरी नागरिक कर्तव्य पूरा गरौं,
- सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई प्रवर्द्धन गरौं,
- विभेदरहित समाज निर्माणमा सबैले योगदान दिऔं,
- राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकताको रक्षा गर्न एकजुट होऔं,
- विकास र समृद्धिको यात्रामा सक्रिय सहभागिता जनाऔं,
- लोकतान्त्रिक मूल्य–मान्यता र मानवअधिकारको संरक्षण गरौं।

गणतन्त्रको सुदृढीकरण, समुन्नत नेपालको आधार।

नेपाल सरकार
विज्ञापन बोर्ड

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा–९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

ऋण लिने दिने मान्छे नै सबैभन्दा दुःखी हुन्छ ।

– थोमस फुलर

## सम्पादकीय

# विपक्षीप्रति अनुदार बन्दै सत्तारूढ दल

प्रतिनिधि सभा बैठकमा प्रधानमन्त्री र मन्त्रीहरूको उपस्थिति हुन छाडेपछि विपक्षी दलहरुले सदनमा सरकार खोजीरहेका छन । सरकारको नीति तथा कार्यक्रमको जवाफ दिन प्रधानमन्त्री बालेन्द्र शाह बैठकमा नआएपछि विपक्षी दलहरुले बैठक बहिष्कार र विरोध गरेका थिए । विपक्षी श्रम संस्कृति पार्टीले फरक तर ध्यानाकर्षण गराउने तरिकाले विरोध जनाउँदै आएको छ । जेठ ४ गतेदेखि नै श्रम संस्कृति पार्टीका सांसदहरूले प्रतिनिधि सभा बैठकमा प्लेकार्डसहित उठेर विरोध गर्दै आएका छन् । त्यो गतिविधि संसदीय मर्यादाविपरीत रहेको भन्दै सम्झाउँदै आएका सभामुखले बुधबार बिहान सदन सुरु हुँदा बित्तिकै पनि उक्त पार्टीका सांसदहरूले प्लेकार्ड प्रदर्शन र विरोध गरेपछि आफ्नो व्यवहार सच्याउन प्रतिनिधि सभा नियमावली २०७९ को नियम ३० बमोजिम आफ्नो क्रियाकलाप र व्यवहार सच्याउन चेतावनी दिएका थिए ।

अघिल्लो प्रतिनिधिसभा बैठकमा रास्वपाले निलो कपडा र पत्रिका पढ्दै विरोध जनाएका थिए । विपक्षमा आफुले गर्दा जायज ठान्नेले अहिले सत्तारूढ हुने बित्तिकै अभद्र देख्नु सत्ताको उन्माद हो।त्यही नजिर श्रम संस्कृति पार्टीले देखाउदै  उनीहरूले विरोध गरिरहे पछि सदनको अन्त्यतिर सभामुख अर्यालले आफूले ३ पटक सभामुखको आसनबाट रुलिङ गर्दा पनि अभद्र व्यवहार गरिरहेको बताए । '३ चोटि रुलिङ गरिसकेको छु । माननीय बस्नुस् । प्रश्न सोध्न पाउनुहुन्छ मैले समय दिन्छु,' सभामुख अर्यालले भने, 'तपाईंहरू हरेक दिन संविधान कानुन नियमावली भन्दा फरक व्यवहार गरिरहनु भएको छ । नियमावलीको मर्यादाविपरीतका अभद्र व्यवहार यहाँहरूले गरिरहनु भएको छ । यस विषयमा मेरो गम्भीर ध्यानाकर्षण भएको छ ।' त्यसपछि पनि श्रम संस्कृति पार्टीका सांसदहरू रोकिएनन् । पार्टीका अध्यक्षसमेत रहेका हर्कराज राई, महासचिवसमेत रहेका आर्यन राई र सांसद ध्रुवराज राईले उठेर विरोध गरिरहे । सभामुखले बोल्नका लागि माइक र समय नदिए पनि अध्यक्ष राईले आफूहरूले संसद्मा प्रश्न गर्न पाउनुपर्ने र आफूहरूका प्रश्नको जवाफ मन्त्रीहरूले दिनुपर्ने बताए । 'हामीले प्रश्न गर्न पाउनुपर्छ । हाम्रा प्रश्नको मन्त्रीले उत्तर दिनुपर्छ । सत्ता पक्षका सांसदले उत्तर दिने होइन,' सांसद राईले भने ।

उनले प्रश्नको उत्तर नआउँदासम्म विरोध गरिरहने बताए । 'हामीले उठाएका प्रश्नको जवाफ मन्त्रीले दिँदैनन् भने कसरी हुन्छ । हामी विरोध गरिरहन्छौँ । के चाहिँ गर्नुहुन्छ, गर्नुस् । हाम्रा प्रश्नको उत्तर नआउँदासम्म हामी मान्दैनौँ,' राईले भने । त्यसपछि सभामुख अर्यालले आफूले पटक-पटक सभ्य भाषामा समय माग्नुस् विषयवस्तुका आधारमा समय दिन्छु भन्दा पनि नमानेको भन्दै नियमावलीको नियमतर्फ ध्यानाकर्षण गराए । सभामुख अर्यालले प्रतिनिधि सभा नियमावली २०७९ को नियम २० को खण्ड (झ) र नियम २१ को खण्ड (क)बारे सदनमा ध्यानाकर्षण गराए । 'माननीय सदस्यहरू नियमावलीको नियम २० को खण्ड (झ) तर्फ सदस्यहरूको ध्यानाकर्षण गराउँछु,' सभामुख अर्यालले भने, ' नियमावलीको नियम २१ को खण्ड (क) प्रति पनि मान्य सदस्यहरूको ध्यानाकर्षण गराउँछु ।' सभामुख अर्यालले ध्यानाकर्षण गराएको नियम २० मा 'बैठकमा पालना गर्नुपर्ने नियम'बारे उल्लेख छ । त्यो नियमको खण्ड (झ)मा 'कुनै सदस्यले बोलिरहेको समयमा बाधा पुग्ने वा बैठकको मर्यादा भङ्ग हुने वा अव्यवस्था उत्पन्न हुने कुनै काम गर्न नहुने,' लेखिएको छ । नियम २१ मा 'छलफलमा भाग लिने सदस्यले पालना गर्नुपर्ने नियम'बारे उल्लेख छ । त्यसको खण्ड (क) मा 'सभामुखको ध्यानाकर्षण गर्नको निमित्त उठ्नु पर्ने र सभामुखले निजको नाम बोलाएपछि वा इसारा गरेपछि मात्र बोल्नुपर्ने,' विषय उल्लेख छ ।

तर, बुधबारको सदनपछि संसद् भवन परिसरमा श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राईले प्रधानमन्त्री बालेन्द्र शाह संसद्प्रति जिम्मेवार र उत्तरदायी नहुञ्जेलसम्म संसद्मा आफ्नो पार्टीको विरोध जारी रहने बताए । उनले सरकारको गृहमन्त्री समेत प्रधानमन्त्री स्वयं भएको भन्दै मन्त्रालयसँग सम्बन्धित प्रश्नहरूको जवाफ दिनुपर्ने आफूहरूको माग कायमै रहेको बताए । 'हामी विरोध गरिरहन्छौँ, पाँचै वर्ष गर्छौं । यदि सरकारको आलोचना गर्दैमा र संसद्प्रति उत्तरदायी बनाउने कुरा आएकै आधारमा निलम्बन गरिन्छ भने पनि हामी रेडी(तयार) छौँ,' राईले सञ्चारकर्मीहरूसँग भने । प्रतिनिधि सभा नियमावली ०७९ को नियम ३० मा सभामुखले चेतावनी दिन सक्ने उल्लेख छ । त्यो नियममा चेतावनी शीर्षकमा लेखिएको छ, 'बैठकमा अभद्र व्यवहार गर्ने सदस्यलाई आफ्नो व्यवहार नियन्त्रण गर्न सभामुखले चेतावनी दिन सक्नेछ र चेतावनी पाएपछि त्यस्तो सदस्यले आफ्नो व्यवहारमाथि तुरुन्त नियन्त्रण गर्नुपर्नेछ ।' नियम ३१ को उपनियम १ मा बैठक कक्षबाट निष्कासनसम्बन्धी व्यवस्था छ ।  त्यहाँ लेखिएको छ, 'नियम ३० बमोजिमको आदेश पालन नगर्ने सदस्यलाई सभामुखले बैठक कक्षबाट बाहिर जान आदेश दिन सक्नेछ । आदेश पाएपछि त्यस्तो सदस्य बैठक कक्षबाट तुरुन्त बाहिर जानुपर्नेछ । र निजले सो दिनको बाँकी अवधिको बैठकमा उपस्थित हुन पाउने छैन,' भन्ने व्यवस्था छ । त्यसपछि नियम ३२ मा बल्ल सदस्यको निलम्बनसम्बन्धी व्यवस्था छ । रास्वपाको दुई तिहाइ भएको प्रतिनिधिसभामा विपक्षीलाई पेल्ने र सत्तारूढ दलका सांसदहरू निरीह देखिँदा सरकारलाई संसद बैठक घाँडो बन्ने त होइन भन्ने प्रश्न खडा भएको छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : मानसिक तनाब |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बड्ने |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# एक हजार १८१ ले लिए हिमाल आरोहणको अनुमति

**रासस**
काठमाडौं, ६ जेठ

यसवर्षको वसन्त ऋतुमा विभिन्न हिमाल आरोहणका लागि अनुमति लिने विदेशीको सङ्ख्यामा वृद्धि भइरहेको छ ।

पर्यटन विभागका अनुसार सन् २०२६ को वसन्त ऋतुमा हिमाल आरोहणका लागि ७९ देशका एक हजार १८१ आरोहीले अनुमति लिएका छन् । विभागका सूचना अधिकारी हिमाल गौतमले सबैभन्दा धेरै सगरमाथा आरोहणका लागि अनुमति प्रदान गरिएको जानकारी दिनुभयो । हालसम्म सगरमाथा आरोहणका लागि ५५ देशका ४९४ आरोहीले अनुमति लिएका छन् ।

सगरमाथा आरोहणका लागि सबैभन्दा धेरै १०९ चिनियाँ नागरिकले अनुमति लिएका छन् । यसबाहेक सगरमाथाकै लागि अमेरिकाका ७७, भारतका ६१, बेलायतका ३२, रसियाका १८, अष्ट्रेलियाका १५, जापानका १४, नेपालका १२, ब्राजिलका १० जनाले अनुमति लिएको सूचना अधिकारी गौतमले बताउनुभयो ।

यसबाहेक, ल्होत्सेका लागि १४३, आमादब्लमका लागि १११, नुप्त्सेका लागि ५६, हिम्लुङका लागि ४६, कञ्चनजङ्घाका लागि ३६, धवलागिरिका लागि ३० जनाले अनुमति लिएका छन् । यसबाहेक अन्य हिमाल आरोहणका लागि पनि अनुमति जारी भएका छन् । पर्यटन विभागले छ हजार ५०० मिटरभन्दा माथिका हिमाललाई आरोहणका लागि अनुमति दिँदै आएको छ । पाँच हजार ८०० देखि छ हजार ५०० सम्मका हिमाल आरोहणको अनुमति भने नेपाल पर्वतारोहण सङ्घ (एनएमए)ले दिने गरेको छ । विभागले यस वर्ष विभिन्न हिमाल आरोहणका लागि अनुमति प्रदान गरेबापत एक अर्ब २५ करोड ८४ लाख ६० हजार ५५४ रुपैयाँ राजस्व सङ्कलन गरेको छ । विभागले सबैभन्दा सगरमाथाबाट एक अर्ब सात करोड ८६ लाख ९१ हजार ४७५ रुपैयाँ राजस्व सङ्कलन गरेको छ । त्यसबाहेक, ल्होत्सेबाट छ करोड ३६ लाख २७ हजार ७००, आमादब्लमबाट एक करोड ६६ लाख नौ हजार २००, कञ्चनजङ्घाबाट एक करोड ६० लाख ८१ हजार ६५०, धवलागिरि प्रथमबाट एक करोड ३४ लाख ५४ हजार ५५०, अन्नपूर्ण प्रथमबाट एक करोड २० लाख ४९ हजार १७५ रुपैयाँ राजस्व सङ्कलन भएको छ ।

विभिन्न हिमाल आरोहण सुरु भइसकेकामा सगरमाथाको आरोहण भने यही वैशाख ३१ गतेबाट सुरु भएको छ ।

डोरी टाँग्ने र बाटो बनाउने काम सम्पन्न भएसँगै आरोहीहरूले आरोहण गर्ने क्रम जारी छ । पछिल्लो समय विश्वको सर्वोच्च शिखर सगरमाथालगायत नेपालका हिमालमा आरोहणमा विदेशीहरूको आकर्षण बढेको हो ।

# अन्नपूर्ण म्याराथन यही जेठ २० गते हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ६ जेठ

नेपालकै चर्चित अन्नपूर्ण आधार शिविरदेखि घान्द्रुकसम्म सञ्चालन हुने छैठौं संस्करणको अन्नपूर्ण म्याराथन-२०८३ को तयारी अन्तिम चरणमा पुगेको छ । प्रतियोगितामा हालसम्म नेपालसहित ६ देशका ४० धावकले सहभागि हुनको लागि नाम दर्ता गराएको आज (बुधबार) पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो ।

यही जेठ १५ सम्म खेलाडीको नाम दर्ता गर्न सकिने भएकाले अझै ३० जना धावकले आफ्नो नाम दर्ता गराउन सक्ने अवसर रहेको अन्नपूर्ण सेन्चुरी पर्यटन समितिका अध्यक्ष एवं म्याराथन संयोजक ललित गुरुङले बताउनु भयो । नेपाली सहित कुल ७० धावकलाई सहभागी गराउने लक्ष्य रहेकोमा हालसम्म नेपाल सहित ६ देशका ४० जना धावकहरुले नाम दर्ता गराएको उहाँले जनाउनु भयो । स्थानीय धावकदेखि विभागीय टोलीका खेलाडीसम्म प्रतियोगितामा सहभागि हुने भएको संयोजक गुरुङले जनाउनु भयो । ४२.१९५ किलोमिटर दूरीको म्याराथन अन्नपूर्ण आधार शिविरबाट सुरु भई पर्यटन पदमार्ग हुँदै माछापुच्छ्रे आधार शिविर, देउराली, दोभान, बम्बो, छोम्रोङ, घुर्जुङ, मेलाँचे, किम्रोङखोला पार गर्दै घान्द्रुकस्थित श्री मेश्रोम वराह माध्यमिक विद्यालयको खेल मैदानमा पुगेर समापन हुनेछ । हिमाली भूगोल, कठिन पदमार्ग र अनुपम प्राकृतिक सौन्दर्यका कारण यस म्याराथनले साहसिक खेलकुदका साथसाथै पर्वतीय पर्यटन प्रवर्द्धनमा पनि महत्वपूर्ण भूमिका खेलेको संयोजक गुरुङले जनाउनु भयो । प्रतियोगितामा महिला तथा पुरुषतर्फका विजेताले क्रमशः नगद रु १ लाख ५० हजार, १ लाख र ७५ हजारसहित पदक र प्रमाणपत्र प्राप्त गर्नेछन्। यसैबीच, "अन्नपूर्ण पत्रकारिता पुरस्कार-२०८२" प्रदान गरिने र समापन समारोहमा विविध सांस्कृतिक कार्यक्रमहरू समेत आयोजना गरिने भएको छ । म्याराथन सफलतापूर्वक सम्पन्न गर्न करिब ३८ लाख रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ । आयोजकले अन्नपूर्ण गाउँपालिका, नेपाल पर्यटन बोर्ड, पोखरा महानगरपालिका, राष्ट्रिय खेलकुद परिषद् र प्रदेश खेलकुद परिषद् गण्डकी लगायत विभिन्न संघसंस्थाको सहयोग रहने प्रचार संयोजक टंकराज अधिकारीले बताउनु भयो ।

म्याराथनको सुरक्षालाई प्राथमिकतामा राख्दै प्रविधिमैत्री व्यवस्थापन र मेडिकल किट सहित स्वयंसेवक टोलीको उपस्थितिले प्रतियोगितालाई सुरक्षित बनाउने आयोजकको विश्वास छ । सन् १९५० को जुन ३ मा फ्रान्सेली पर्वतारोही मौरिस हर्जोगले अन्नपूर्ण प्रथम हिमाल सफलतापूर्वक आरोहण गरेका दिनको सम्झनामा आयोजना हुने यस म्याराथनले साहसिक खेलकुद र हिमाली पर्यटन प्रवर्द्धनमा नयाँ योगदान पुर्‍याउने अपेक्षा गरिएको संयोजक गुरुङले बताउनु भयो । प्रतियोगिताका रेस डाइरेक्टर रिकेश योञ्जनले प्रतियोगितालाई सुरक्षाको दृष्टिले निकै प्रथामिकता दिएको बताउनुभयो ।

# आचार्यको तरबुजाखेती अरुका लागि प्रेरणा

**पोखरापत्र संवाददाता**
पोखरा, ६ जेठ



बर्सेनि उब्जाउयोग्य जमिन बाझिँदै गरेका अवस्थामा कास्कीको पोखरा महानगरपालिका-३३ का युवा रमेश आचार्यले यहाँको सुरौदी खोलाको तिखेढुङ्गामा गर्नुभएको तरबुजाखेती अरुका लागि प्रेरणाको स्रोत बनेको छ ।

करिब चालिस रोपनी क्षेत्रफलमा फलिरहेका तरबुजा बजारमा लैजाने तयारी भइरहँदा यतिखेर आचार्य आफैँमा हर्षित हुनुहुन्छ । उहाँको कृषिकर्म र यसप्रतिको लगाव यस क्षेत्रका स्थानीयका लागि प्रणाको स्रोत बनेको हो । स्नातकसम्मको अध्ययनसँगै १० वर्षको शिक्षण पेसा, तीन वर्षको वैदेशिक रोजगार सँगै विद्युत् प्राविधिकसमेतका अनुभव सँगालेका आचार्य विगत लामो समयदेखि कृषिका क्षेत्रमा सक्रिय बन्दै नयाँनयाँ प्रयोग गर्दै आउनुभएकामा २०७८ सालदेखि 'तिखेढुङ्गा बागमारा पशुपालन तथा कृषि फार्म' मार्फत आफ्नो कृषिकर्मलाई थप व्यावसायिक बनाउनुभएको छ ।

आचार्यले गरिरहनुभएको तरबुजाखेतीसहितको पशुपालन, तरकारी, फलफूल तथा विभिन्न कृषिजन्य उत्पादन अरुका लागि पनि दरिलो पाठशाला बनेको छ । अघिल्लो वर्ष ज्ञानबहादुर कार्कीसँगको सहकार्यमा संयुक्त रुपमा तरबुजाखेती गर्नुभएका उहाँले यस वर्ष भने एकल रुपमा नै ४० रोपनी क्षेत्रफलमा यो खेती गर्नुभएको हो । हरेक तरबुजाको बिरुवामा सुरौदी खोलाको पानीलाई मोटरमार्फत तानेर थोपा सिँचाइ प्रणालीलाई उहाँले उपयोग गर्नुभएको छ । यस वर्ष तरबुजाखेती लगाएपछि दुई पटकसम्म असिनाले क्षति पुर्‍याए पनि लगभग ३० हजार किलो बजारमा बिक्री गर्न सकिने आचार्य बताउनुहुन्छ । "असिनाका चोटसँगै केही दिनयता लगातार आएको पानीका कारण केही तरबुजा कुहिने डर छ", उहाँले भन्नुभयो, "अघिल्लो वर्ष यस क्षेत्रकै बागमारा, खुदी, गगनगौँडा, खल्याण, दुलेगौडा हुँदै पोखरासम्म बिक्री भएका कारण यस वर्ष पनि बिक्री सहजै हुने विश्वास लिएको छु ।"

आचार्यले फर्ममा थप १० रोपनी क्षेत्रफलमा घिरौँला, काँक्रा, लौका, फर्सी, करेला आदिको खेती गरिहनुभएको छ भने भैँसीपालन पनि सँगसँगै गरिहनुभएको छ । उहाँको फर्ममा हाल ३० वटा भैँसी छन् । पछिल्ला वर्षमा आचार्य जस्तै पोखराका विभिन्न स्थानमा कृषकले तरबुजाखेती गरिहेका छन् । यस वर्ष पोखराका विभिन्न स्थानमा ५०० रोपनी क्षेत्रफल जमिनमा तरबजुजाखेती भइरहेको पोखरा महानगरपालिका कृषि विकास शाखाका प्रमुख मनहर कडरियाले जानकारी दिनुभयो । पछिल्ला वर्षमा महानगरपालिकाले तरबुजाखेतीका लागि अनुदानलगायत कार्यक्रम बढाइरहेको छ।महानगरपालिकाका १३, १४, १६, २१, २२, २३, २६, ३०, ३२ र ३३ नं वडामा तरबुजाखेती भइरहेको जानकारी दिँदै प्रमुख कडरियाले यस वर्ष तरबुजाखेती गर्ने कृषकलाई ५० प्रतिशत अनुदानमा बीउका साथै मल्चिङ प्लाष्टिक वितरण गरिएको बताउनुभयो ।

"पोखरा महानगरपालिकामा यस वर्ष तरबुजाखेतीको कारोबार रु पाँच करोड बराबरको हुने अनुमान गरिएको छ", उहाँले भन्नुभयो । प्रमुख कडरियाका अनुसार महानगरपालिकाले स्थानीय उत्पादनको प्रवर्द्धनका लागि तरबुजाको न्यूनतम समर्थन मूल्य निर्धारण गरिनुका साथै ब्राण्डिङका लागि स्टिकर उपलब्ध गराउन लागेको छ ।

तरबुजाखेतीप्रतिको आकर्षण बढाउनकै लागि पोखरा महानगरपालिका वडा नं १३ मा पोखरा तरबुजा मेला-२०८३ गर्न लागिएको छ । पोखरामा भइरहको तरबुजाखेतीको प्रवर्द्धनसँगै कृषकलाई यसतर्फको आकर्षण बढाउनले लक्ष्यका साथ महानगरपालिकाको कृषि विकास शाखा र वडा नं १३ कार्यालयको आयोजना एवं वडास्तरीय कृषि सञ्जाल पोखरा-१३ को व्यवस्थापनमा तरबुजा मेला गर्न लागिएको हो ।

मेलाका अवसरमा सबैभन्दा ठूलो तरबुजा फलाउने, धेरै क्षेत्रफलमा फलाउने, सबैभन्दा गुलियो फलाउने कृषकलाई सम्मान गर्ने कार्यक्रमसँगै तरबुजासम्बन्धी बहस, सफलता कथा आदिबारे चर्चा परिचर्चा गरिने महानगरपालिकाले जनाएको छ ।

# मङ्गलाका किसानलाई कृषि औजार वितरण

**पोखरापत्र संवाददाता**
म्याग्दी, ६ जेठ



म्याग्दीको मङ्गला गाउँपालिकाले करिब दुई सय जना किसानलाई रु एक करोड मूल्य बराबरका कृषि औजार वितरण गरेको छ ।

गाउँपालिकाको केन्द्र बाबियाचौरको माटेबगरमा मङ्गलबार ५० प्रतिशत अनुदानमा मिनिटेलर हलो, मिल र थ्रेसर मेसिन वितरण गरिएको हो । गाउँपालिकाको कृषि शाखाका प्रमुख विमल रोकाले १४९ वटा मिनिटेलर हलो, ३५ वटा मिल र ११ थान थ्रेसर वितरण गरेको जानकारी दिनुभयो ।

कृषि कार्यको लागत घटाउन, कृषकहरुको सहजता र समयको बचतका लागि यान्त्रिकरणका कार्यक्रममा जोड दिएको गाउँपालिकाका अध्यक्ष सतप्रसाद रोकाले बताउनुभयो । खेतबारी खनजोतका लागि गोरुको विकल्पमा मिनिटेलरको प्रयोग बढेको छ ।

एक हल गोरुले तीन दिन लगाउने खेतबारी मिनिटेलरले तीन घण्टामै जोत्न थालेपछि समय र खर्चको बचत हुनुका साथै हलगोरु पाल्नुपर्ने झञ्जट हटेको मङ्गला गाउँपालिका-४ का किसान धनमाया रोकाले बताउनुभयो ।

मिनिटेलरको सुविधा भएपछि हलगोरु पाल्दा घाँस, पानीको जोहो गर्दा हुने झञ्जट हटेको किसान नन्दकला सुनारले बताउनुभयो । किसान जगत घर्तीले मिनिटेलरलगायतका उपकरणको प्रयोगबाट कृषि मजदुर नपाउने समस्याबाट मुक्ति मिलेको र समयको बचत भएको बताउनुभयो ।

# प्रसाईं पक्राउबारे लिखित जवाफ माग

**रासस**
काठमाडौं, ६ जेठ

सर्वोच्च अदालतले मेडिकल व्यवसायी दुर्गा प्रसाईंलाई पक्राउ गर्नुको कारणसहित २४ घण्टाभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्न आदेश दिएको छ ।

न्यायाधीश महेश शर्मा पौडेलको इजलासले हाल जिल्ला प्रहरी परिसर भक्तपुरमा रहेका प्रसाईंको हकमा अधिवक्ता आशिष लुइँटेलले दायर गर्नुभएको बन्दीप्रत्यक्षीकरण रिट निवेदनमा सो आदेश दिएको हो ।

आदेशमा भनिएको छ, "आधार र कारणसहित बाटोको म्यादबाहेक सूचना म्याद पाएको मितिले २४ घण्टाभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु ।"

# मुस्ताङमा पहिलो पटक एआई ड्रोन प्रविधिद्वारा वन गस्ती गरिँदै

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ६ जेठ

मुस्ताङमा एआई ड्रोन प्रविधिद्वारा वन गस्ती सुरु गरिएको छ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, इलाका संरक्षण कार्यालय जोमसोमले मुस्ताङका उच्चलेंक, खर्क र पाटनमा एआई ड्रोन प्रविधिद्वारा वन गस्ती गर्न सुरु गरिएको जनाएको छ।

मुस्ताङमा ड्रोन प्रविधिद्वारा चलचित्र, डकुमेन्ट्री फिल्म र चाडपर्वलगायत श्रव्यदृष्यहरु छायाङ्कन गरिने गरिएको भए पनि अन्नपूर्ण संरक्षण आयोजनाले पहिलो एआई प्रविधिको ड्रोन क्यामेरा वन गस्ती गर्ने कार्यमा प्रयोगमा ल्याएको हो। यहाँको कठिन भूगोल र यहाँका उच्चस्थानका न्यून मानव वस्ती रहेका स्थानमा



वन अनुगमन गर्नका लागि पहिलो पटक एआई ड्रोन प्रविधि प्रयोगमा ल्याइएको हो। एक्याप संरक्षित वन तथा वनपैदावारको संरक्षण तथा वन्यजन्तुको चोरी शिकारीलगायत वन क्षेत्रहरुमा हुने विभिन्न प्रकारका अवाञ्छित गतिविधि नियन्त्रणका लागि उक्त प्रविधि प्रयोगमा ल्याइएको एक्याप जोमसोमका वरिष्ठ प्राकृतिक स्रोत संरक्षण सहायक संजोग थकालीले जानकारी दिनुभयो। थकालीका अनुसार वारागुङ मुक्तिक्षेत्र-१ को लुप्रा लेंक र घरपझोङ गाउँपालिकाको झ्प्सा र नमखुलेंक लगायतका स्थानमा गस्ती गर्ने कार्य भइसकेको छ। एक्याप जोमसोमले यार्सा गुम्बा टिप्ने सिजन चलिरहेको अवस्थामा एआई ड्रोन प्रविधिद्वारा छड्के अनुमगन गरिहेको छ। यार्सा सङ्कलन गर्ने व्यक्तिबाट हुनसक्ने अवाञ्छित क्रियाकलाप तथा वन तथा उच्चलेंकमा पासो थाप्ने र बन्दुक बोकेर गैरकानुनी रुपमा वन्यजन्तुको चोरी शिकारी गर्ने तथा आगलागीको जोखिम सृजना गर्नसक्ने भएकाले छिटोछरितो रुपमा आधुनिक प्रविधिको प्रयोग गरी एआई ड्रोन क्यामेराले वन गस्ती गरिएको हो। एक्याप जोमसोमले उक्त ड्रोनको तौल १०६३ ग्रामको रहेको छ। ड्रोनले करिब १५ देखि २० किलोमिटर दुरीसम्म जानसक्छ छ किलोमिटर उचाइसम्म पुग्नसक्छ। ड्रोनलाई प्रतिघण्टा ९० देखि ९७ किलोमिटर गतिमा उडाउन सकिन्छ।

# स्याङ्जाका स्थानीय तहको बेरुजु १३ करोड

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ६ जेठ

स्याङ्जाका स्थानीय तहको बेरुजु १३ करोड भन्दा बढी देखिएको छ। महालेखापरीक्षकको कार्यालयले गएको शुक्रबार सार्वजनिक गरेको आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण प्रतिवेदनमा जिल्लाका ११ स्थानीय तहको बेरुजु झण्डै १३ करोड ८१ लाख १९ हजार रुपैयाँ देखिएको हो।

प्रतिवेदन अनुसार १७ अर्ब ३३ करोड ५२ लाख ६ हजार रुपैयाँको लेखापरीक्षण गर्दा ०.८ प्रतिशत अर्थात १३ करोड ८१ लाख १९ हजार बेरुजु देखिएको छ। आर्थिक वर्ष २०८०/८१ को तुलनामा पछिल्लो लेखापरीक्षणमा जिल्लाका स्थानीय तहको बेरुजु घट्दो क्रममा रहेको देखिन्छ। पछिल्लो प्रतिवेदनमा १३ करोड भन्दा बढी बेरुजु देखिएकोमा अघिल्लो वर्षको बेरुजु १६ करोड २० लाख ७ हजार रुपैयाँ रहेको थियो। पछिल्लो प्रतिवेदन अनुसार जिल्लामा सबै भन्दा धेरै बेरुजु हरिनाश गाउँपालिकाको ३.२९ प्रतिशत देखिएको छ। हरिनाशको तीन करोड ३७ लाख ९९ हजार बेरुजु देखिदा सबै भन्दा कम भीरकोट नगरपालिकाको ८ लाख ७० हजार मात्रै रहेको छ। लेखापरीक्षण भएको रकमका आधारमा सबै भन्दा कम बेरुजु पुतलीबजार नगरपालिकाको ६३ लाख ३२ हजार रहेको प्रतिवेदनमा उल्लेख छ। जिल्लाका ५ नगरपालिका र ६ गाउँपालिकामध्ये भीरकोट नगरपालिकाको एक अर्ब ४४ करोड ९४ लाख १४ हजार लेखापरीक्षण गर्दा ८ लाख ७० हजार बेरुजु देखिएको छ। पुतलीबजार नगरपालिकाको तीन अर्ब १० करोड ५८ लाख ५५ हजारको लेखापरीक्षण गर्दा ६३ लाख ३२ हजार बेरुजु देखिन्छ छ भने एक अर्ब ४२ करोड ६४ लाख ४१ हजार लेखापरीक्षण गर्दा चापाकोट नगरपालिकाको एक करोड ४३ लाख १६ हजार बेरुजु रहेको प्रतिवेदनमा देखिन्छ। त्यसैगरी दुई अर्ब ४३ करोड चार लाख ६३ हजारको लेखापरीक्षण गर्दा वालिङ नगरपालिकाको झण्डै १.४८ प्रतिशत अर्थात तीन करोड ६० लाख ८१ हजार बेरुजु देखिदा गल्याङ नगरपालिकाको एक अर्ब ९० करोड ६६ लाख ४१ हजारको लेखापरीक्षण गर्दा दुई करोड ९६ लाख ५३ हजार बेरुजु देखिएको महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख छ। उता गाउँपालिकामध्ये बिरुवा गाउँपालिकाको एक अर्ब १९ करोड ७८ लाख १३ हजार लेखापरीक्षण गर्दा १० लाख ८८ हजार बेरुजु देखिएको छ। एक अर्ब १७ करोड ७३ लाख ५० हजारको लेखापरीक्षण गर्दा आँधीखोला गाउँपालिकाको १५ लाख ८६ हजार बेरुजु देखिएको छ भने अर्जुनचौपारी गाउँपालिकाको एक अर्ब १४ करोड ६४ लाख ६५ हजार लेखापरीक्षण गर्दा १८ लाख ८७ हजार बेरुजु रहेको सार्वजनिक प्रतिवेदनमा समावेश गरिएको छ। त्यसैगरी कालीगण्डकी गाउँपालिकाको एक अर्ब ५० करोड ४१ लाख ५४ हजारको लेखापरीक्षण गर्दा ३३ लाख ९६ हजार बेरुजु देखिएको प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदन अनुसार फेदीखोला गाउँपालिकाको ९६ करोड ४५ लाख ४३ हजार लेखापरीक्षण गर्दा ९१ लाख ११ हजार बेरुजु देखिएको छ भने एक अर्ब दुई करोड ६० लाख ९७ हजारको लेखापरीक्षण गर्दा हरिनाश गाउँपालिकाको तीन करोड ३७ लाख ९९ हजार देखिएको छ। स्थानीय तहले पूर्वतयारी विनाका आयोजनामा बजेट समावेश गरेको, आयोजनाको प्राथमिकीकरण गरी आयोजना बैंक बनाउने कार्य प्रभावकारी नभएको प्रतिवेदनमा उल्लेख गरिएको छ। कानूनले तोकेको सीमा नाघी रकमान्तर गरेको, कार्य योजना तर्जुमा नगरेको, स्थानीय सञ्चित कोष प्रणाली (सुत्र) को प्रयोग व्यवस्थित नभएको, बक्यौता असुली नगरेको लगायतका सुधार गर्नुपर्ने विषय प्रतिवेदनमा समावेश गरिएको छ।

# पोखराबाट हुन सकेन नियमित अन्तरराष्ट्रिय उडान

**राम थापा**
गण्डकी, ६ जेठ/रासस

छिमेकी केही देशमा 'चार्टर' उडानबाहेक पोखराबाट नियमित अन्तरराष्ट्रिय उडान हुन सकेको छैन। झण्डै २२ अर्ब रूपैयाँ ऋणमा बनेको पोखरा अन्तरराष्ट्रिय विमानस्थल आन्तरिक उडानमा मात्र सीमित छ। सन् २०२३ को जनवरी १ मा यस विमानस्थलको उद्घाटन भएको थियो।

सन् २०२५ मार्चमा निजी वायुसेवा कम्पनी हिमालय एयरलाइन्सले पहिलोपटक पोखरा-ल्हासा नियमित व्यावसायिक उडान सुरू गरे पनि त्यो लामो समय टिक्न सकेन। गत मार्च २३ बाट हिमालय एयरलाइन्सले पोखरा-ल्हासा उडान सेवा बन्द गरेको पोखरा अन्तरराष्ट्रिय विमानस्थलका महाप्रबन्धक जगन्नाथ निरौलाले बताउनुभयो।

"यात्रु संख्या न्यून भएको भन्दै हिमालय एयरलाइन्सले एक वर्षमै पोखरा-ल्हासा उडान सेवा बन्द गरेको छ", उहाँले भन्नुभयो, "छिटपुट रूपमा चार्टर उडानबाहेक अहिले पोखराबाट नियमित रूपमा कुनै पनि अन्तरराष्ट्रिय उडान हुन सकेको छैन।"

मङ्गलबार पहिलोपटक पोखराबाट भारततर्फ मेडिकल चार्टर उडान भएको महाप्रबन्धक निरौलाले बताउनुभयो। मुक्तिनाथ दर्शन गरेर फर्किने क्रममा बिरामी पर्नुभएका भारतको मध्यप्रदेश, भोपालका शम्भु दयाल श्रीवास्तवलाई मेडिकल चार्टर उडानमार्फत भारत पठाइएको उहाँको भनाइ छ। उहाँका अनुसार श्री एयरलाइन्सको जहाजले मङ्गलबार दिउँसो ३:९ मिनेटमा भोपालका लागि उडान भरेको थियो। भारतका केन्द्रीय कृषि तथा ग्रामीण विकासमन्त्री एवं मध्य प्रदेशका पूर्वमुख्यमन्त्री शिवराज सिंह चौहान र बिरामीका परिवारको समन्वयमा श्री एयरलाइन्सले उक्त मेडिकल चार्टर उडान गरेको महाप्रबन्धक निरौलाले बताउनुभयो। "पहिलोपटक पोखरादेखि भारतका लागि चार्टर उडान भएको हो, यसले पोखरादेखि भारतका विभिन्न सहरमा नियमित उडानका लागि अनुमति लिन र आवश्यक कूटनीतिक पहल थाल्न नेपाल सरकारलाई सहज हुने देखिन्छ", उहाँले भन्नुभयो। भारत सरकारले अनुमति दिएमा नेपाली एयरलाइन्स कम्पनीहरूलले भारतका विभिन्न गन्तव्यमा उडान भर्न सक्ने महाप्रबन्धक निरौलाले बताउनुभयो। पोखरादेखि चीन, भुटानलगायत देशमा यसअघि चार्टर उडान भए पनि भारतमा पहिलोपटक चार्टर उडान भएको हो। पोखराबाट नियमित अन्तरराष्ट्रिय उडानका लागि सरकार र सम्बद्ध निकायले प्रयास गर्दै आए पनि त्यसले सार्थक रूप लिन सकेको छैन। पोखरामा अन्तरराष्ट्रिय विमानस्थल बनाउने ५० वर्षअघिको योजनाले सार्थकता पाए पनि विमानस्थल पूर्ण रूपमा सञ्चालनमा आउन नसकेको हो। पोखरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष गोकर्ण कार्कीले पोखरादेखि नियमित अन्तरराष्ट्रिय उडान सुरू गर्न सङ्घ सरकारले कूटनीतिक पहल थाल्नुपर्ने बताउनुभयो। "निजी क्षेत्र, स्थानीय तह, प्रदेश सरकारलगायतले यो विषय उठाउँदै आएका छन्", उहाँले भन्नुभयो, "पराराष्ट्र मामिलासँग जोडिएको र कूटनीतिक विषय भएकाले सङ्घ सरकारले नै यसमा निर्णायक पहल लिनु आवश्यक छ।" भारतसँगको सीधा हवाई मार्गमा पोखरालाई जोड्न सके पोखरासहित सिङ्गो मुलुकले पर्यटन र व्यापारबाट फाइदा लिनसक्ने उहाँको भनाइ छ। अध्यक्ष कार्कीले पोखरामा अन्तरराष्ट्रिय विमानस्थल निर्माणका लागि पोखरेलीले ठूलो मेहनत र सङ्घर्ष गर्नुपरेको सुनाउनुभयो। पोखरादेखि हुने आन्तरिक उडान भने धेरै सहज हुँदै गएको उहाँको भनाइ छ। "पहिले पोखराबाट दिउँसो ३:०० बजेपछि उडान हुँदैनथ्यो, अहिले रात्रिकालीन उडान पनि भइरेहको छ", अध्यक्ष कार्कीले भन्नुभयो, "नियमित अन्तरराष्ट्रिय उडान हुन सकेमा देशले ठूलो लाभ पाउँथ्यो, अर्बौं खर्चेर बनाइएको विमानस्थल घाटामा चलाउनुपर्ने अवस्थाको अन्त्य हुनेथियो।"

पर्यटकीय राजधानीसमेत रहेको पोखरा अन्तरराष्ट्रिय हवाई सञ्जालमा जोडिएर ठूलो सङ्ख्यामा विदेशी पर्यटक भित्रने आशमा रहेका पर्यटन व्यवसायी पनि विमानस्थलबाट अन्तरराष्ट्रिय उडान नहुँदा निराश छन्। यस विमानस्थल बनेपछि पोखराको पर्यटनमा झण्डै एक खर्ब रूपैयाँ लगानी थपिएको पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्ष पोमनारायण श्रेष्ठले बताउनुभयो। पोखराबाट नियमित अन्तरराष्ट्रिय उडानका लागि पहल गर्न पर्यटन व्यवसायीलगायतले पटक-पटक सङ्घ सरकारसमक्ष आग्रह गरे पनि हालसम्म कुनै परिणाम निस्कन नसकेको उहाँको भनाइ छ। सङ्घ सरकारले कूटनीतिक पहलमार्फत विभिन्न देशमा अन्तरराष्ट्रिय उडान हुने वातावरण निर्माण गर्नुपर्ने पूर्वअध्यक्ष श्रेष्ठले बताउनुभयो। "विमानस्थल उद्घाटन भएको साढे तीन वर्ष बितिसक्दा पनि नियमित अन्तरराष्ट्रिय उडान हुन नसक्नु विडम्बना हो", उहाँले भन्नुभयो, "पोखराबाट नियमित अन्तरराष्ट्रिय उडान नभएसम्म पर्यटकीय राजधानीका रूपमा पोखराले यथोचित लाभ लिन सक्दैन।" सरकारले शीघ्र कूटनीतिक पहल सुरु गरेर नियमित अन्तरराष्ट्रिय उडान सुरु गर्नुपर्ने उहाँको भनाइ छ। अन्तरराष्ट्रिय उडान नहुँदा विमानस्थललाई हेरेर लगानी गरेका पर्यटन व्यवसायीसमेत मारमा परेका छन्। पोखराको पर्यटन क्षेत्रमा करिब रु छ खर्बको लगानी रहेको अनुमान छ। पछिल्लो समय पनि तारे होटल धमाधम बनिरहेका छन्। विमानस्थललाई हेरेर लगानी गरेका होटल व्यवसायी पनि चिन्तित छन्। सरकारले जतिसक्दो चाँडो पोखराबाट नियमित अन्तरराष्ट्रिय उडान सञ्चालन गरोस् भन्ने उनीहरूको माग छ। व्यवसायीहरूले पोखराबाट अन्तरराष्ट्रिय उडान गर्न आवश्यक नीति, नियममा सहजीकरण गर्नुपर्ने, भारत र चीनका मुख्य सहरमा उडान गर्न राष्ट्रियस्तरका हवाई कम्पनीहरूलाई अनुमति दिनुपर्नेलगायत माग राख्दै आएका छन्।

पोखराबाट नियमित अन्तरराष्ट्रिय उडान राष्ट्रिय ध्वजावाहक नेपाल एयरलाइन्सबाट सुरु गर्नुपर्ने कतिपयको भनाइ छ। पोखरा र सिङ्गो गण्डकी प्रदेशको समृद्धिको आधार मानिएको पोखरा अन्तरराष्ट्रिय विमानस्थललाई पूर्ण रूपमा सञ्चालनमा ल्याउन सके पर्यटकीय राजधानी पोखराले पर्यटनमा ठूलो फड्को मार्ने देखिन्छ। स्वदेशी वायुसेवा प्रदायक कम्पनीले पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट सङ्घीय राजधानी काठमाडौं, भरतपुर, भैरहवालगायतका गन्तव्यमा आन्तरिक उडान गर्दै आएका छन्। सरकारले आगामी आव २०८३/०८४ को नीति तथा कार्यक्रममा पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा अन्तरराष्ट्रिय वायुसेवा प्रदायकलाई आकर्षित गर्न कूटनीतिक पहल गर्ने जनाएको छ। हवाई पूर्वाधार विकास, अन्तरराष्ट्रिय विमानस्थलहरूको पूर्ण सञ्चालन र आधुनिकीकरण गरी भरपर्दो र प्रतिस्पर्धी हवाई सेवा विस्तार गरिने नीति तथा कार्यक्रममा उल्लेख छ।

# झाडी फाडेर व्यावसायिक अकबरे खुर्सानीखेती : १० लाख आम्दानी गर्ने लक्ष्य

**पोखरापत्र संवाददाता**
वालिङ, ६ जेठ

यहाँका दुई युवाले बाँझो रहेको जमिनको सदुपयोग गर्दै व्यावसायिक रूपमा अकबरे खुर्सानीखेती सुरु गर्नुभएका छन्।

स्याङ्जाको भिरकोट नगरपालिका-९ सिर्कोट पिपलडाँडामा झन्डै ३० रोपनी क्षेत्रफलमा व्यावसायिक खुर्सानीखेती थालिएको हो।

एकपटक लगाएपछि केही वर्षसम्म उत्पादन तथा आम्दानी लिन पाइने, बजार मूल्य राम्रो रहेको र बजारीकरणमा समस्या नभएकाले अकबरे खुर्सानीखेतीमा युवको आकर्षण बढेको हो। तीन-चार वर्षअघिदेखि थोरै मात्रामा खुर्सानीखेती गर्दै आएकामा उत्पादन राम्रो भएपछि व्यावसायिक रूपमा अगाडि बढेको किसान तनबहादुर गुरुङले बताउनुभयो।

वैदेशिक रोजगारीमा आठ वर्ष बिताउनुभएका गुरुङले आफ्नै गाउँठाउँमा केही गर्नुपर्छ भन्ने लागेर स्वदेश फर्किएसँगै खुर्सानीखेती थाल्नुभएको हो। "विदेशमा बगाउने पसिना आफ्नै माटोमा बगाउन सकियो भने राम्रो हुने ठानेर स्वदेशमै खुर्सानीखेती गर्ने निधो गरेँ", उहाँले भन्नुभयो, "जङ्गलैजङ्गल, बाँझो अनि पातीको झाडी फाडेर खुर्सानी लगाएका छौँ।" अहिलेसम्म झन्डै १० हजार बिरुवा लगाइसक्नुभएका गुरुङले यस वर्ष २० हजार बिरुवा खुर्सानी लगाउनका लागि जमिनको तयारी गर्नुभएको छ। आफ्नै २० रोपनीका अलावा थप १० रोपनी जमिन भाडामा लिनुभएको छ।

"गाउँबाट बसाइँ सरेर बजार जाने प्रवृत्तिकै कारण गाउँका घरहरू रित्तिँदै गए जग्गा जमिन बाँझिन थाले", उहाँले भन्नुभयो, "बाँझिएको जमिनको सदुपयोग गर्दै आम्दानीसित जोडिँदै गाउँमै बसेर पनि केही गर्न सकिन्छ है भन्ने उदाहरण खुर्सानीले दिनेमा म विश्वस्त छु।" गाउँघरमा प्रतिमाना रु १०० र प्रतिकेजी रु ३५० का दरले बिक्री गर्न सकिने व्यावसायी कुमार गुरुङले बताउनुभयो। खुर्सानीको माग अत्यधिक रहेकाले खुर्सानी बिक्रीबाट यस वर्ष करिब १० लाख आम्दानी गर्ने लक्ष्य उहाँको छ। खुर्सानी लगाउनका



लागि जग्गा जमिन सम्याउने, बिरुवा लगाउने कार्यका लागि हाल आठ जनाले रोजगारी पाउनुभएको छ। अन्य बाली लगाउँदा बाँदरलगायत जङ्गली जनावरले नष्ट गरिदिने भएकाले खुर्सानीलाई विकल्पका रूपमा अगाडि सारिएको हो। पछिल्लो समय भिरकोट नगरपालिकाले व्यावसायिक अकबरेखेती कार्यक्रमलाई कार्यान्वयनमा लगेको छ। भिरकोटको वडा नं ९ मा झन्डै ९० रोपनी क्षेत्रफलमा व्यावसायिक खुर्सानीखेती थालिएको छ। विभिन्न समूह, सहकारी तथा व्यक्तिमार्फत वडामा झन्डै एक सय जना किसान खुर्सानीखेतीमा सहभागी भएका भिरकोट-९ का वडाध्यक्ष भीमबहादुर गुरुङले बताउनुभयो।

# धौलागिरि अस्पतालमा सर्पदंशको सफल उपचार

**पोखरापत्र संवाददाता**
बागलुङ, ६ जेठ

धौलागिरी प्रादेशिक अस्पताल बागलुङमा सर्पदंशका बिरामीको सफल उपचार गरिएको छ। निसीखोला गाउँपालिका-७ राजकुटका ६० वर्षीय जुठे विकलाई शनिबार बिहान ७ बजे विषालु सर्पले टोकेको थियो।

विकलाई परिवारका सदस्यले बेहोस अवस्थामा बिहान ११ बजे धौलागिरी अस्पताल ल्याएका थिए। विषालु सर्पले टोकेर बेहोस भएका विकको सर्पदंशको उपचारका लागि तालिम प्राप्त चिकित्सकको टोलीले अस्पतालमै सफल उपचार गरेको हो। "यसअघि पनि सर्पले टोकेका बिरामी अस्पताल आउँथे, उनीहरूको अवस्था हेरेर सामान्य उपचारपछि रेफर गरिन्थ्यो, तर, धौलागिरी प्रादेशिक अस्पताल बागलुङ सर्पदंश उपचार केन्द्रको रूपमा विकास भएपछि विषालु सर्पले टोकेका बिरामीको उपचार गरिएको यो पहिलो पटक हो", अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा किरण तिवारीले बताउनुभयो। कन्सल्टेन्ट सर्जन डा शङ्कर राज लामिछानेको टोलीले सर्पदंशको सफल उपचार गरेको हो।

उपचारपछि निको भएका विकलाई चिकित्सकसँग सम्पर्कमा रहने गरी डिस्चार्ज गर्ने तयारी गरिएको छ। सर्पले टोकेमा घरेलु उपचार र धामीझाँक्रीको पछि नलागी जतिसक्दो छिटो अस्पताल आउन धौलागिरी प्रादेशिक अस्पताल बागलुङका अध्यक्ष श्रीप्रसाद शर्माले आग्रह गर्नुभयो।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

गण्डकी प्रदेश कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १३/१४ विपीमार्ग अवस्थित पितृमोक्ष किरियाकर्म भवन स्तर उन्नति गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः पितृमोक्ष किरियाकर्म भवन स्तरोन्नति
ठेगानाः पोखरा-१३/१४, विपीमार्ग, कास्की
योजना सम्झौता मिति : २०८२/१०/२० गते
योजना सुरु मितिः २०८२/११/०४ गते
योजना सम्पन्न भएको मितिः २०८२/१२/१६ गते
योजनाको कुल लागतः रु. ७,१८,३०३.१९
गण्डकी प्रदेश सामाजिक विकास कार्यालय अन्तर्गत गण्डकी प्रदेश एकीकृत सेवा कार्यालय कास्की पोखराबाट : रु. ५,००,०००|-
जनसहभागिताबाटः रु. २,१८,३०३.१९
उपभोक्ता समिति अध्यक्षः बजिरमान श्रेष्ठ
सम्पर्क नं.: ९८५६०२२९५९
उपभोक्ता समिति सदस्यः ९ जना महिलाः ३ पुरुषः ६ जना

**पितृमोक्ष किरियाकर्म सेवा समिति पोखरा १३/१४**
**विपीमार्ग भवन स्तरोन्नति उपभोक्ता समिति**

नोटः यसअघिको सूचनामा भुलबस गण्डकी प्रदेश सामाजिक विकास कार्यालय कास्की हुनुपर्नेमा पोखरा महानगरपालिका भएकोमा सच्चाईएको छ।